# आर्थिक वर्ष २०८१/०८२ को वार्षिक समीक्षा तथा असल अभ्यास सम्वन्धी अनुभव आदान प्रदान प्रस्तुतीकरण कार्यक्रम

# यहाँहरु सम्पूर्णमा नमस्कार




मिति: २०८२/०५/२३
स्थान: जिल्ला समन्वय समितिको कार्यालय, सल्यानस


प्रस्तुतकर्ता:
दिनेश पौडेल
प्रमुख प्रशासकीय अधिकृत
कपुरकोट गाउँपालिका, सल्यान

" श्रम संस्कृति प्रवर्द्धन अभियान वर्ष-२०८२" सफल पारौं

# कपुरकोट गाउँपालिकाको परिचय सारसंक्षेप

सल्यान जिल्लाको दक्षिणी सिमावर्ति पालिकाको रुपमा रहेको यस कपुरकोट गाउँपालिकाको **क्षेत्रफल ११९.२१ बर्ग** किलोमिटर रहेको छ। ६ वटा वडागत संरचना रहेको यस गाउँपालिकाको पूर्वमा रोल्पा जिल्ला पश्चिममा सल्यानको त्रिवेणी गाउँपालिका उत्तरमा सल्यानको छत्रेश्वरी गाउँपालिका र दक्षिणमा दाङजिल्लासंग सिमांकित रहेका छन्। कर्णाली प्रदेश र लुम्विनी प्रदेशको सिमावर्ती पालिका हुनुले पनि यसको विशेष रणनीतिक महत्व रहेको छ। बाहुन,क्षेत्री, मगर र दलित मिश्रीत वसोवास रहेको यस पालिकाको जनसंख्या **१७५४८** रहेको छ। बहुलसांस्कृतिकले युक्त रहेको यस पालिकामा कृषिमा आधारित आर्थिक तथा सामाजिक प्रणाली विद्यमान रहेको छ। यस गाउँपालिकाको बर्तमान सारक्षरता दर ७९.७५ प्रतिशत रहेको छ।

## कपुरकोट गाउँपालिकाको भौगर्विक नक्सा



# स्थानीय तहको समग्र अवस्थाको विवरण

| सि.नं | विवरण | अवस्था |
|---|---|---|
| १ | जनशक्ति व्यवस्थापन(गाउँपालिकावाट स्वीकृत O&M अनुसार) | क. जम्मा स्वीकृत दरवन्दी: 156 पदपूर्ति: 132 रिक्त:24<br>ख.हाल कार्यरत जम्मा जनशक्तिः 132 (स्वास्थ्यकर्मी सहित) स्थायीः 54 करार:78(23 जना स्वास्थ्यकर्मी सहित) करारः ५५ (शिक्षक र स्वास्थ्यकर्मी वाहेक)<br>ग.स्थानीय तह आफैले O&M सर्वेक्षण गरी प्रतिवेदन स्वीकृत भए/ नभएकोः भएको(आ.व. 2079/80) |
| २ | प्रशासकीय भवन र पहुँच | क. प्रमुख प्रशासकीय भवनः निर्माण सम्पन्न भई प्रयोगमा रहेको।<br>ख. आफ्नै वडा कार्यालयः भएको वडा संख्या ५ नभएको वडा संख्या १<br>ग. वडा केन्द्रसम्म सडक पुगेको वडाको संख्या ६ नपुगेको वडा संख्या ० |
| ३ | कानून निर्माणको अवस्था | क. ऐनको संख्याः **१९** ख. नियमावलीको संख्याः **३**<br>ग. कार्यविधि/मापदण्ड/निर्देशिकाको संख्याः **51** |
| ४ | विभिन्न योजना तथा दस्तावेज निर्माणको अवस्था | क. आवधिक योजनाः **पहिलो** पञ्चवर्षीय योजना वनेको<br>ख. वार्षिक बजेटसँगै तोकिएको ढाँचा अनुरुप मध्यमकालिन खर्च संरचना:**वनेको**( अवधि 2081/082-2083/084)<br>ग. स्थानीय तहको वस्तुस्थिति विवरणः **वनेको**(आर्थिक वर्ष 2079/080 मा वनेको अद्यावधिक नभएको)<br>घ. भूउपयोग योजनाः **बनेको**(आर्थिक वर्ष 2081/082 मा वनेको)<br>ङ. स्थानीय भवन निर्माण मापदण्डः **बनेको**(आर्थिक वर्ष 2081/082मा वनेको)<br>च. राजस्व सुधार कार्ययोजनाः **बनेको**(आर्थिक वर्ष 2079/080 मा वनेको)<br>छ. आन्तरिक नियन्त्रण प्रणालीः नबनेको |



" श्रम संस्कृति प्रवर्द्धन अभियान वर्ष-२०८२" सफल पारौं

# स्थानीय तहको समग्र अवस्थाको विवरण

| सि.नं | विवरण | अवस्था |
|---|---|---|
| ५ | स्थानीय तहको मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको प्रयोग | क. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनको प्राप्ताङ्क ९०.75<br>ख. स्थानीय तहको वित्तीय सुशासन जोखिम मूल्याङ्कनको प्राप्ताङ्क 96<br>ग. मन्त्रालयले तयार गरेको स्थानीय तहको प्रगति अनुगमन प्रणालीमा विवरण प्रविष्टीः भएको |
| ७ | न्यायिक समिति सम्वन्धी | क. दर्ता भएका उजुरी/गुनासो संख्याः 23<br>ख. कारवाही वा फछ्यौंट भएका उजुरी संख्याः 18<br>ग. कारवाही वा फछ्यौंट भएका मध्ये पुनरावेदनमा गएका संख्याः 0 |
| ८ | वेरुजु सम्वन्धी | क. आ.व. २०८1/८2 सम्मको कायम कुल वेरुजु रकम (रु. हजारमा) **.170745**<br>ख. आ.व. २०८०/८१ मा फछ्यौंट भएको वेरुजु रकम (रु. हजारमा) **16736**(फछ्यौंट प्रतिशतः 9.8)<br>ग. आ.व. २०८१/८२ मा फछ्यौंट गर्नुपर्ने कुल वेरुजु रकम (रु. हजारमा) **154009** |
| ९ | वातावरण तथा विपद् व्यवस्थापन | क. दमकल सेवाको उपलब्धताः नभएको<br>ख. फोहोर प्रशोधन केन्द्रः नभएको<br>ग. स्यानीटरी ल्याण्डफिल साईटः भएको। |

# स्थानीय तहको समग्र अवस्थाको विवरण

| सि.नं | विवरण | अवस्था |
| --- | --- | --- |
| १० | सेवा प्रवाह, पारदर्शिता र जवाफदेहिता | क. अनलाईन मार्फत प्रदान गरिएको सेवाको संख्याः ५ (डिजीटल गभर्नेन्स फ्रेमवर्कले तोकेका मध्ये)<br>ख. नागरिक वडापत्रः भएको<br>ग. सूचना अधिकारीः तोकेको<br>घ. गुनासो व्यवस्थापन, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण र सामाजिक परीक्षणको लागि कानूनी व्यवस्थाः भएको<br>ङ. निगरानी निकाय तथा कार्यालयमा प्राप्त उजुरी/गुनासो संख्या 7 फछ्यौंट संख्याः 7 |
| ११ | अभियानमूलक कार्यक्रम | क. वालमैत्री स्थानीय तह घोषणा भएको वडाको संख्याः ६मध्ये० <br>ख. पोषणमैत्री स्थानीय तह घोषणा भएको वडाको संख्याः०<br>ग. वालश्रम मुक्त स्थानीय तह घोषणा भएको वडाको संख्याः० |

" श्रम संस्कृति प्रवर्द्धन अभियान वर्ष-२०८२" सफल पारौ

# आर्थिक वर्ष (२०८१/८२) को खुद आम्दानी र खर्चको विवरण

रकम रु. हजारमा

| स्रोतको किसिम | | | खुद प्राप्त भएको | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|---|
| वित्तीय समानीकरण अनुदान | सङ्घ | | ७६१६० | ७३९०९ | ९७.०४ |
| | प्रदेश | | ८८२३ | ६०१२ | ६८ |
| सशर्त अनुदान | सङ्घ | चालु | १४७७८० | १३०५१५ | ८८ |
| | | पुँजीगत | १०००० | १०००० | १०० |
| | प्रदेश | चालु | १३७१ | ११८२ | ८६ |
| | | पुँजीगत | ९९३५ | ९९३५ | १०० |
| समपुरक अनुदान | सङ्घ | | ७८३३ | ७८३३ | १०० |
| | प्रदेश | | ० | ० | |
| विशेष अनुदान | सङ्घ | | ७२५७ | ६७३९ | ९३ |
| | प्रदेश | | ० | | |
| राजश्व बाँटफाटबाट प्राप्त | सङ्घ | | ७५३३० | ७२७५२ | ९७ |
| | प्रदेश | | १०५२ | ७५३ | ७२ |
| रोयल्टी | | | ० | ० | |
| आन्तरिक स्रोत(स्थानीय तहको राजस्व अधिकार भित्रको मात्र) | | | १७७१६ | १४८६९ | ८४ |
| ऋण | | | | | |
| अन्य (अ.ल्या. भए खुलाउने ) | | | ० | ० | |
| जम्मा | | | ३६३२५७ | ३३४४९९ | ९७.०३* |

" श्रम संस्कृति प्रवर्द्धन अभियान वर्ष-२०८२" सफल पारौ

# विषयक्षेत्रगत विनियोजन र खर्चको अवस्था

रकम रु.

| सिनं | विषय क्षेत्र | वार्षिक विनियोजित बजेट | खर्च रकम | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | १२८२१८०० | ९३७८२८६ | ७३.१४ | |
| २ | सामाजिक विकास | २१८३८६६४१ | १९२१५५७४५ | ८७.९९ | |
| ३ | पूर्वाधार विकास | ७०६७७५७८ | ५२०५१७४५ | ७३.६५ | |
| ४ | सुशासन तथा संस्थागत क्षमता विकास | ४२८५००० | ३०१४४२८ | ७०.३४ | |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ९०१६९९८१ | ७७८९८८८६ | ८६.३९ | |
| | जम्मा | ३९६३४१०० | ३३४४९९०९१ | ८४.३९ | |

" श्रम संस्कृति प्रवर्द्धन अभियान वर्ष-२०८२" सफल पारौ

# आ व २०८१/०८२ को संक्षिप्त वित्तिय झलक

| क्र. सं. | स्रोत | वार्षिक अनुमानित आय | आम्दानी | खर्च | अनुदान फिर्ता | मौज्दात |
|---|---|---|---|---|---|---|
| १ | नेपाल सरकार - समानिकरण अनुदान | ८३०००००० | ७६१६०८०० | ७,३९,०९,०६४ | ० | २२५१७३६ |
| २ | नेपाल सरकार - शसर्त अनुदान चालु | १४७८१९००० | १४७७७९५०० | १३,०५,१४,३५२ | १७२६५१४८ | ० |
| ७ | नेपाल सरकार - शसर्त अनुदान पुँजीगत | ३५०००००० | २५०९११६७ | २,४५,७२,७९३ | ५१८३७४ | ० |
| १२ | कर्णाली प्रदेश - समानिकरण अनुदान | ८८२३००० | ८८२३००० | ६०,१२,६५४ | ० | २८१०३४६ |
| १३ | कर्णाली प्रदेश - शसर्त अनुदान चालु | १४५२००० | १३७११३४ | ११,८१,१३४ | १९०००० | ० |
| १४ | कर्णाली प्रदेश - शसर्त अनुदान पुँजीगत | १०००००००० | ९९३५१७७ | ९९,३५,१७७ | ० | ० |
| १५ | राजस्व बाँडफाँड | ८४८६९७८१ | ७६३८३९४० | ७,३५,०५,८०१ | ० | २८७८१३९ |
| १८ | आन्तरिक श्रोत | २५३७७२१९ | १७७१६३४१ | १,४८,६८,११४ | ० | २८४८२२७ |
| जम्मा | | ३९६३४१००० | ३६३२५७०५९ | ३३,४४,९९,०९० | १७९७३५२२ | १०७८८४४८ |

# कुल आम्दानी र खर्च विवरण

| | |
|---|---|
| **जम्मा आम्दानी** | ३६३२५७०५९ |
| आम्दानी प्रतिशत | ८७.०२ |
| **जम्मा खर्च** | ३३४४९९०९३ |
| खर्च प्रतिशत बिनियोजित बजेटको आधारमा | ८४.३९ |
| खर्च प्रतिशत वास्तविक आयको आधारमा | ९६.९८ |
| **चालु खर्च** | २३४४५६९८१ |
| चाल खर्च प्रतिशत बिनियोजित बजेटको आधारमा | ८६.९७ |
| चालु खर्च प्रतिशत वास्तविक आयको आधारमा | ९१.८६ |
| **पुजिगत खर्च** | १०००४२११२ |
| पुजिगत खर्च प्रतिशत बिनियोजित बजेटको आधारमा | ७८.९१ |
| पुजिगत खर्च प्रतिशत वास्तविक आयको आधारमा | ९६.०८ |

# स्वीकृत योजना तथा कार्यक्रमको विवरण

**बजेटको आधारमा:**

| क्र.सं. | बिबरण | आ.व. २०८1/८2 को योजना संख्या |
|---|---|---|
| १. | ५० लाख भन्दा बढी बजेटको आयोजना | 4 |
| २. | २५+ देखि ५० लाखसम्मको आयोजना | ३ |
| ३. | ५+ देखि २५ लाखसम्मको योजना | 22 |
| ४. | ५ लाखसम्म बजेटको आयोजना | 95 |
| | जम्मा | 124 |

**कार्यान्वयन तह/क्षेत्रको आधारमा:**

| क्र.सं. | बिबरण | आ.व. २०८1/८2 को योजना संख्या |
|---|---|---|
| १. | गाउँ/नगरपालिका स्तरीय | 27 |
| २. | वडास्तरीय | 97 |
| | जम्मा | 124 |

**योजना तथा कार्यक्रम कार्यान्वयन विधि:**

| क्र.सं. | बिबरण | आ.व. २०८1/८2 को योजना संख्या |
|---|---|---|
| १. | उपभोक्ता समिति मार्फत | 111 |
| २. | निर्माण व्यवसायी मार्फत | 13 |
| ३. | अन्य | ० |
| | जम्मा | 124 |

# वहुवर्षिय आयोजना तथा कार्यक्रम र समस्याग्रस्त आयोजनाको विवरण

| बहुवर्षिय आयोजना तथा कार्यक्रम | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.सं. | आयोजनाको तथा कार्यक्रमको नाम | कार्यान्वयन अवधि | कुल लागत | लागत साँझेदारी | | | हाल कार्यान्वयको अवस्था |
| | | | | संघ | प्रदेश | स्थानीय | |
| १ | १५ सैया आधारभूत अस्पताल भवन निर्माण | २०७८/०७९-२०८२/०८३ | ११९९३३ | १०० | | | ९० प्रतिशत कार्यसम्पन्न |
| समस्याग्रस्त आयोजना/कार्यक्रम कुनै पनि नरहेको। | | | | | | | |

" श्रम संस्कृति प्रवर्द्धन अभियान वर्ष-२०८२" सफल पारौ

# आ.व. २०८१।०८२ मा भएका उल्लेखनीय कार्य तथा महत्वपूर्ण उपलव्धीहरु

❖ **पशुपंछी विकास तर्फः**

❖ पशुपंक्षीहरुको तथ्याङ्क संकलन गर्ने र पशुपंक्षी विकासको वस्तुस्थिति चित्र profile तयार गर्ने काम आफ्नै जनशक्तिवाट सम्पन्न भएको, जसवाट गाई ५७८६,भैसी १०५८,वाखा ३१५७२, भेडा १०८८, वंगुर ३१८ कुखुरा २७७४१ रहेका।भेटनरी पसल ९ वटा, मासु पसल २४, कृषि सहकारी ८ र डेरी पसल २ वटा रहेको पाइयो।पशुपंछिहरुमा सवैभन्दा वढी ppr रोग लाग्ने गरेको देखियो।

❖ बाखा, गाईभैसी, कुकुर लगायतका चौपायाहरुलाई सबै टोल बस्तीमा पुगी PPR खोप अभियान सञ्चालन गरिएको।,

❖ ४४,६५६ पटक गरेर पशु चौपायहरुको उपचार गरिएको,

❖ ११९ वटा गाउँभैसीहरुको कृतिम गर्भाधान गरिएको जसमा ६०% सफलता दर रहेको जसलाई राष्ट्रियस्तरकै उच्चतम दर मानिन्छ,

❖ **शैक्षिक विकासतर्फः**

❖ विद्यालयको भौतिक पुर्वाधारमा सुदृढिकरण गरिएको, जसअन्तर्गत **सवै कक्षाकोठाहरुमा फर्स** गरी धुलोमुक्त गराइएको।इन्टरनेटको पहूँच पुग्न वाँकि ४ वटा विद्यालयमा इन्टरनेटको पहुँच विस्तार गरिएको।

❖ सार्वजनिक क्षेत्रमा ख्याति प्राप्त व्यक्तिहरुवाट सामुदायिक विद्यालयका माध्यामिक तहका विद्यार्थिहरुलाई career counseling, अनुशासन, सामाजिक उत्तरदायित्व, श्रम संस्कृति लगायतका विषयमा अतिथी कक्षा सञ्चालन गरिएको

❖ EMIS प्रणाली पूर्ण रुपमा सवै विद्यालयहरुमा लागु गरिएको र सम्बन्धीत जनशक्तीहरुलाई पुनर्ताजकी तालिम प्रदान गरिएको,

❖ सामुदायिक सिकाई केन्द्रमार्फत विभिन्न विद्यालयहरुमा अभिभावक शिक्षा सम्बन्धी तालिम, अचार बनाउन चोया तथा बेदबासका विभिन्न सामाग्रीहरु निर्माण गर्ने सम्बन्धी तालिम दिईएको जसवाट सामुदायिक सिकाइ केन्द्रको सक्रियता र उपादेयतामा वृद्धि भएको।

# मुख्य उपलब्धीहरु क्रमशः....

❖ **सामुदायिक र जनस्वास्थ्य स्वास्थ्यतर्फः**

❖ मातृशिशु स्वास्थ्य, पोषण र खोप कार्यक्रम सम्बन्धी निर्धारित **सवै सुचकहरु पूरा** गरिएको,

❖ पूर्ण खोप सुनिश्चितता दिगोपना सम्बन्धी काम सम्पन्न भई पूर्ण खोपयुक्त पालिका घोषणा गरिएको,

❖ विशेषज्ञ चिकित्सकको उपस्थितिमा पाठेघरको स्क्रिनिङ्ग २ वटा , आखाँ उपचार ३ वटा र बृहत स्वास्थ सम्बन्धी १ वटा गरी **विभिन्न ६ वटा स्वास्थ्य शिविर** संचालन गरिएको,

❖ अस्पतालको **ल्यावलाई डिजिटलाईज गरि** आधुनिक तुल्याईएको, विगतका वर्षमा ४० प्रकारको परीक्षणहुने गरेकोमा ल्यावको क्षमता विस्तार गरी विभिन्न **६० प्रकारका परीक्षणहरु हुने** गरेको।

❖ **शुन्य होमडेरिभरि** कायम गर्न सफल(१३९ संस्थागत सुत्केरी ४७%),

❖ स्वास्थ्य विमा कार्यक्रमवाट लाभ लिने संख्या जिल्लामै उल्लेखनीय रहेको।

❖ १५ शैया आधारभुत अस्पताल निर्माण कार्य सम्पन्न भई हस्तानान्तरणको चरणमा रहेको,

❖ नसर्ने रोगहरुको बढ्दो प्रकोपलाई मध्येनजर गरि निशुल्क वृहत योग शिविर संचालन गरिएको र योग अभ्यासको निरन्तरताको लागि दैनिक रुपमा योग सम्बन्धी अभ्यासलाई निरन्तरता दिईएको,

**लै.स.सा.स. तर्फः**

❖ आमा दिदिवहिनी उत्थान कार्यक्रम अन्तरगत ५ दिने वित्तिय साक्षरता तथा व्यावसायिक सीप विकास कार्यक्रम संचालन गरि आमादिदि बहिनिहरुलाई उद्दम तर्फ आकर्षित गरिएको,

❖ **२०८३ फागुन मसान्त** सम्म बालमैत्री स्थानीय तह घोषणा गर्नेगरि बालमैत्री स्थानीय तह घोषण अभियान संचालन गरिएको र सो सम्वन्धी कार्ययोजना स्वीकृत गरिएको।

❖ जसअन्तर्गत पालिका तथा वडा स्तरमा वालमैत्री **सूचकहरुको स्थानीयकरण गर्ने** कार्य सम्पन्न भई ६८ वटा टोल विकास संस्थामा टोल वाल सञ्चाल गठन गरिएको।

❖ बालविवाह न्यूनिकरणका लागि सो सम्बन्धी रणनीति पारित गरिएको।,

❖ कपुरकोट जागरण अभियान संचालन गरिएको,

# आ.व. २०८१।०८२ मा भएका उल्लेखनिय कार्यहरु

## ❖ कृषि तथा पोषण सम्वन्धीः

- ❖ बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तरगत २८ जना सुनौलो हजार दिनका महिलाहरुलाई पोषण सुधारको लागि प्रतिव्यक्ती रु.२५००० का दरले अनुदान सहायता प्रदान गरिएको,
- ❖ उत्पादनमा आधारित अनुदान र न्युनतम समर्थम मूल्य प्रदान गर्ने सम्वन्धी कार्यविधि तय गरी लागु गरिएको।
- ❖ कृषी क्षेत्रको विकासका लागि मिनिल्याव संचालनमा ल्याई क्षमता अभिवृद्दि गरिएको, साथै मिनिल्याव मार्फत सवै वडामा माटो परीक्षण र उपचार सिविर सञ्चालन गरिएको।विभिन्न रोग किराहरुको पहिचान र उपचार आफ्नै जनशक्ति र पूर्वाधारवाट संभव भएको।टमाटरमा ग्राफ्टिङ प्रविधि अवलम्वन गरी खेति सुरुवात भएको।
- ❖ विपन्न कृषहरुलाई तरकारीको विउ विजन वितरण गरिएको,**१२ वटा मिनि ट्रिलर वितरण** भएको।
- ❖ सुन्तला पकेट विकास कार्यक्रम संचालन गरिएको,
- ❖ बढ्दो विषादिको प्रयोगलाई निरुत्साहित गर्न सचेतनामुलक तालिम सहित घरदैलो अभियान संचालन गरिएको, **२ वटा CLC** मार्फत प्राङ्गारिक कृषि उत्पादन प्रणाली प्रयोग भएको। चालु आ.व. मा सवै वडामा विस्तार गर्ने लक्ष्य रहेको।
- ❖ चिस्यान केन्द्र स्थापना भई संचालनमा आएको,
- ❖ कृषि सहकारी र महिला सहकारीहरुलाई पालिकामा सूचिकरण गर्ने कार्य सम्पन्न भएको।

## ❖पूर्वाधार विकासतर्फः

- ❖ घरजग्गा अभिलेखिकरण गर्ने कार्यारम्भ भएको,
- ❖ १३ वटा नयाँ कार्यविधिहरु यस आ.व. मा स्वीकृत गरि लागु गरिएको,

# आ.व. २०८१।०८२ मा भएका उल्लेखनिय कार्यहरु

## ❖पूर्वाधार विकासतर्फः

❖घरजग्गा अभिलेखिकरण गर्ने कार्यारम्भ भएको,

❖४ नं वडा कार्यालयको निर्माणसम्पन्न भई सञ्चालनमा आएको।

❖टुनिवोट कोइला सडकको स्तरोन्नती गर्ने कार्य भएको,

❖रु १ करोड लागतको कपुरकोट एकीकृत खानेपानी योजनाको ठेक्का वन्दोवस्ति भई कार्य सम्पन्न भएको।

❖सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत गाउँपालिकावाट रु ३८ लाख विनियोजन गरी ७६ विपन्न र असाहय घर धुरीको फुस तथा खरको छानो विस्थापन गरी सामाजिक संरक्षण प्रदान गरिएको।

❖एक घर एक धारा खानेपानी विस्तार योजना अख्तियार गरिएको। जस अन्तर्गत समीक्षा अवधिमा १७६ वटा घरधुरीमा धारा र २६.५३ किमि पाइपलाईन विस्तार गरिएको छ।

नागरिक आवास कार्यक्रम विवरण

२०८१/०८२

वडा नं १ मा १९ घर

वडा नं २ मा १५ घर

वडा नं ३ मा १० घर

वडा नं ४ मा १० घर

वडा नं ५ मा ९ घर

वडा नं ६ मा ९ घर

# आ व २०८१/०८२ सम्ममा गाउँपालिकाको विनियोजित बजेटबाट निर्माण सम्पन्न भएका पुँजीगत संरचानाहरुको विवरण

| सि. न. | संरचनाको प्रकार | इकाई | आ.व. २०८०/०८१ सम्ममा जम्मा | आ.व. २०८१/०८२ सम्ममा थप | हाल सम्मको जम्मा |
|---|---|---|---|---|---|
| १ | कच्ची सडक | कि.मि. | ३३७ | ६.६४ | **३४३.६४** |
| २ | ग्राभेल सडक | कि.मि. | ० | ० | **०** |
| ३ | पक्कि सडक | कि.मि. | ० | ० | **०** |
| ४ | एक घर एक धारा | वटा | २२०० | १७६ | **२३७६** |
| ५ | सामुदायिक धारा | वटा | ५० | ० | **५०** |
| ६ | खानेपानी पाइपलाइन बिस्तार | कि.मि. | १०७ | २६.५३ | **१३३.५३** |
| ७ | सामुदायिक भवन निर्माण | वटा | २० | ३ | **२३** |
| ८ | पक्कि स्ल्याब निर्माण | कि.मि. | १.८१ | १.७७ | **३.५८** |
| ९ | पक्कि सिचाई कुलो निर्माण | कि.मि. | ५.५ | ०.९९ | **६.४९** |
| १० | सडक स्तरोन्नती | कि.मि. | ६.७ | ०.४५ | **७.१५** |
| ११ | फुसको छाना विस्थापित | घरधुरी | ३३२ | ७१ | **४०३** |
| १२ | टहरा/तरकारी संकलन केन्द्र | वटा | ७५ | ७ | **८२** |
| १३ | घेरावार | कि.मि. | ७.१७ | १.७३ | **८.८९** |

# आ.व. २०८१।०८२ मा भएका उल्लेखनिय कार्यहरु

## ❖सुशासन तथा अन्तरसम्वन्धित विषयः

❖१३ वटा नयाँ कार्यविधिहरु यस आ.व. मा स्वीकृत गरि लागु गरिएको,

❖प्रधानमन्त्री रोजगार कार्यक्रमलाई पूर्णतः गाउँपालिकावाट समेत वजेट विनियोजन गरी साँझेदारीमा सञ्चालन गरिएको। जसवाट समीक्षा अवधिमा ८४ जनाले १०० दिनको रोजगारी प्राप्त गरेको।साथै मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत १९३ जनालाई रोजगारी प्रदान गरिएको।

❖आन्तरिक राजस्वमा उल्लेख्यमात्रामा बढोत्तरी भएको।

| क्र.सं. | आर्थिक वर्ष २०८०/०८१ | | आर्थिक वर्ष २०८१/०८२ | | कैफियत |
|---|---|---|---|---|---|
| | अनुमान | प्राप्ति | अनुमान | प्राप्ति | |
| 1 | ८७,०७,००० | ८३,०३,२३३ | १,८३,७७,२१९ | १,०३,८७,८६५ | २५.००% |

# ❖सुशासन तथा अन्तरसम्वन्धित विषय क्रमशः

❖मापनयोग्य सूचकका आधारमा गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतवीच कार्य सम्पादन करार साथै प्रमुख प्रशासकीय अधिकृत र विभिन्न शाखा प्रमुखहरुवीच सोहि किसिमको कार्यसम्पादन संझौता गरी त्रैमासिक मूल्यांकन गरी पृष्टपोषण र पुरस्कृत गर्ने गरिएको.

❖दैनिकरुपमा कार्यसम्पादन गर्नु पर्ने कार्यसूचीहरुको कार्यप्रगती trace गर्ने प्रणाली लागु गरिएको। जसवाट समयमै कार्यसम्पादन गर्ने गरी प्रतिस्पर्धात्मक कार्यवातावरणको निर्माण भएको।

❖मर्मतसंभार कोष स्थापना गरी सम्पन्न भएको योजनाहरुको दिगोपना र समुचित प्रयोगमा टोलविकास संस्थाहरुलाई जिम्मेवारी गराइएको।जसवाट निर्मित भौतिक संरचनाहरुको मर्मतसंभारमा गाउँपालिकामा पर्ने वित्तीय चाप न्यून हुँदै गएको।

❖संस्थागत सुदृढीकरण र अभिलेखीकरणलाई प्राथमिकतामा राखी काम भएको(कर्मचारीहरुलाई दैनिक रुपमा कार्यदिन तोकि कार्यजिम्मेवारी assigned गर्ने र red alert सहितको प्रणाली विकास गरिएको।

# ❖सुशासन तथा अन्तरसम्वन्धित विषय क्रमशः

❖**सामुदायिक वन व्यवस्थापन** सम्वन्धी निर्देशिका तयार गरी **सूचिकरणको कार्यारम्भ** गरिएको।

❖सामाजिक सुरक्षा प्राप्त गर्ने लाभग्राहीहरुलाई टोलटोलमा भत्ता रकम वितरण गर्ने प्रणाली स्थापित भएको।

❖न्यायिक समितिको न्याय निरूपणको कार्यलाई पुर्णत अदालती वन्दोवस्त अनुरुपको तुल्याइएको छ।

❖योजना अनुगमन प्रणालीलाई व्यवस्थित गर्न सो सम्वन्धी कार्यविधिको तर्जुमा गरी ३ तहको अनुगमन प्रणाली सुरुवात गरिएको।

❖उपभोक्ता समितिवाट सञ्चालन हुने योजना, तालिम कार्यक्रम र दरभाउपत्रवाट हुने खरिदमा SOP निर्माण र चेकलिस्टको निर्माण गरी कार्यप्रणालीमा सरलीकरण र एकरुपता ल्याउने प्रयास गरिएको छ।

❖सुशासन तथा व्यवस्थापन ऐन अनुसार प्रत्येक चौमासिकमा सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन भएको। समीक्षा अवधिमा ३ वटै सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन भएको।

❖श्रम **संस्कृतिको प्रवर्द्धन गर्न श्रम सहभागितमा योजना सञ्चालन गर्ने** गरी कार्यविधि र वजेट व्यवस्थापन गरी श्रम अभियानको आधार निर्माण गरिएको।

❖प्लाष्टिकजन्य फोहोरको उत्पादनमै न्यूनीकरण गर्ने र उक्त फोहोरवाट हुने वातावरणीय ह्रासमा कमि ल्याउन **हरित अभियान सञ्चालन** गरिएको। गाउँपालिका र मातहतका निकायमा र उक्त निकायवाट सञ्चालन हुने सार्वजनिक कार्यक्रममा प्लाष्टिकजन्य झोला र प्लाष्टिकका वर्तन प्रयोगमा प्रतिवन्ध लगाइएको।**चालु वर्षलाई हरित वर्ष २०८२ को रुपमा मनाउने** गरी आधार तय भएको।

# उल्लेखनीय कार्यको विस्तृतीकरण

## कृषक प्रोत्साहन र कृषि उपजको वजारीकरण

- कृषि उत्पादनको दृष्टिले प्राकृतिक वरदानको रुपमा उर्वर भूमी रहेको र उक्त अवसरलाई गाउँपालिका, कृषि सहकारी र किसानहरुको सहकार्य र साँझेदारीमा उत्पादनमा आधारित अनुदान कार्यक्रम लागु गरी कृषकलाई व्यावसायिक कृषिमा आवद्ध गरिएको। न्युनतम समर्थन मूल्य कायम गरी फसल उत्पादन र वजारीकरणमा कृषकलाई विश्वस्त हुने वातावरण सिर्जना गरिएको छ।
- सार्वजनिक निजी साँझेदारीमा गाउँपालिकाले नियमन गर्ने गरी कार्यान्वयन संयन्त्रको विकास गरिएको,
- व्ययवसायिक तरकारी उत्पादनलाई सो संग सम्वन्धित backward and forward factor हरुसंग linkage गरिएको।
- एक घर एक व्यावसायिक उत्पादनलाई मूल आधारको रुपमा लिइएको,
- कृषि मिनि ल्याव स्थापना गरी प्रत्येक किसानको जग्गाको माटो परीक्षण गरिएको
- २ वटा कृषि एम्वुलेन्स  सञ्चालनमा ल्याई कृषि फसल सवै वस्तिवाट गाउँपालिकाको केन्द्रमा रहेको हाटवजारमा जम्मा गरी न्यूनतम समर्थन मुल्यका आधारमा विक्रिको व्यवस्था गरिएको । जसवाट कृषकहरुलाई न्यूनतम मूनाफा सुनिश्चित हुन पुगेको।

# उल्लेखनीय कार्यको विस्तृतीकरण

क्रमशः

- सवै वस्ति र उत्पादित भूमिमा सडक सञ्जाल विस्तार गरी १२ महिना सडक सञ्चालन हुने व्यवस्था गरिएको।
- बार्षिक रुपले औषतमा प्रति घरमा रु.४ लाख आम्दानी भएको अध्ययनले देखिएको।समग्रमा एक आर्थिक वर्षमा औपचारिक प्रणाली मार्फत ६० करोड भन्दा माथिको तरकारी उत्पादन निकाशी भएको।
- **चुनौती र समस्याः** हालसम्म तरकारी निकाशीमा निकाशी शुल्क कायम हुन नसकेवाट पालिकाको आन्तरिक राजस्वमा उक्त आर्थिक कारोवारको योगदान नदेखिएको।
- उत्पादकत्व वृद्धि गर्ने होडवाजीमा विषादीको प्रयोग प्रयोग बढ्ने संभावना रहेको।
- लागत न्यूनीकरण गरी cost benefit efficiency  बढाउन नसकिएको जसले गाउँपालिकामाथि वित्तीय चाप बढेको छ।
- उत्पादनमा विविधिकरण गर्न नसकिएको।एकै जातको उत्पादनको परिमाण वढिहुँदा वजारीकरणको चुनौती रहेको।

# स्थानीय तहले अनुभूत गरेका प्रमुख समस्या

- वित्तीय संघियताको मूल संभागको रुपमा रहेका नेपाल सरकार र प्रदेश सरकारवाट प्राप्त हुने वित्तीय अनुदान सहायता प्रतिवद्धता अनुरुप प्राप्त नहुदा वजेट  कार्यान्वयन कार्ययोजनालाई यथोचित रुपमा कार्यान्वयन गर्न नसकिएको।
- वित्तीय अनुदान घटेर आउँदा पालिकाहरुमा वित्तीय दायित्व वढ्दै जाँदा fiscal trap मा पर्दै जानु।
- कर्मचारीहरु खासगरी प्रमुख प्रशासकीय अधिकृतले कतिपय अवस्थामा High morale मा रहेर काम गर्न नपाउनु। कर्मचारीको अभिभावकीय जनप्रतिनिधि र मन्त्रालयवाट असल कामका लागि संरक्षण प्राप्त हुनु पर्नेमा सो हुन नसकेको।
- विधिको शासनलाई गलतरुपमा अर्थ्याई पालिकाको नीति निर्माण गर्ने body वाट कानूनीरुपले कार्यान्वयन गर्न नसकिले खालका कतिपय निर्णयहरु हुनु। rule of law Vs  rule by law जस्तो।
- राजनीतिक सरंचना र प्रशासनिक संरचनाको कार्यगत समन्वय र सोको सीमाको विषयमा वेमेल उत्पन्न हुनु
- जनप्रतिनिधिको क्षमता विकास सम्वन्धमा प्रयाप्त पहल नहुनु।
- संघीय निजामती सेवा ऐन नवन्दै स्थानीय सेवा(गठन तथा सञ्चालन) सम्वन्धी ऐन जारीहुँदा जनशक्ति व्यवस्थापनको पाटो  जटिल वन्दै गएको।
- स्थानीय तहको project management  capability कमजोर नै रहेको अवस्थामा ठुला योजनाहरु कार्यान्वयन गर्न तम्सिदा वित्त लगायतका कारणले chronic वन्दै गएका।

# जिल्ला समन्वय समितिसंगको अपेक्षा

- ❖प्रत्येक त्रैमासिक अवधिमा पालिका प्रमुख।अध्यक्ष, उपप्रमुख।उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृतहरुवीच अनुभव र समस्या आदानप्रदान गर्ने फोरम तयार गर्नु पर्ने।साथै वार्षिक समीक्षामा पालिका प्रमुख।अध्यक्ष समेतलाई अनिवार्य सहभागी गराउनु पर्ने।
- ❖स्थानीय तहको आधारभूत क्षेत्राधिकार सम्वन्धी कार्य सञ्चालनका लागि आवश्यक पर्ने कानूनी संरचनाहरुमा एकरुपता ल्याउनका लागि नमूना कानून तर्जुमा गर्न आवश्यक पहल गर्ने
- ❖LISA, FRA, स्थानीय तह कार्य सम्पादन मूल्यांकन प्रणाली(LGPAS)का सम्वन्धमा अभिमुखीकरण गर्ने, कार्यसम्पादन प्रणालीलाई अर्धवार्षिक रुपमा अनुगमन निरीक्षण गरी सुधारका लागि पृष्ठपोषण दिने।
- ❖संघीय सरकार र प्रदेश सरकारवाट वजेट विनियोजन भई तत् तत् निकायवाट कार्यान्वयन हुने योजनाहरुको जिल्ला समन्वय समितिवाट अनुगमन नभएको भन्ने स्थानीय तहमा गुनासो रहेको।

# सङ्घीय सरकारसँग अपेक्षा

- प्रतिवद्धता अनुरुपको वित्तीय अनुदान निर्धारित समय र परिमाणमा उपलव्ध गराउने
- LISA मूल्यांकन पद्धतिलाई स्वच्छ र वस्तुनिष्ठ वनाउन संघीय मामिला मन्त्रालयले आवश्यक संयन्त्रको विकास गर्ने र पालिकाको कार्यसम्पादनसंग linkage गरी वित्तीय अनुदानसंग tie up गर्ने
- प्रमुख प्रशासकीय अधिकृतलाई गुण र दोषका आधारमा संरक्षण गर्ने र सरुवा प्रणालीलाई स्थीर वनाउने
- जनप्रतिनिधिहरुको क्षमता विकासको लागि उपयुक्त तालिम फोरमको निर्माण गर्ने
- कार्यपालिकाले प्राथिकता दिएको योजना बजेट नआई अन्य योजनामा त्यस्तो अनुदान आउने गरेको छ।पालिकाहरुलाई समपुरक अनुदान प्रदान गर्दा कार्यविधि अनुरुपको मापदण्डको वास्तविक कार्यान्वयन गर्ने।
- पालिकालाई प्राप्त हुने समपुरक, शसर्त र विशेष अनुदानको रकम पालिकाले दायित्व सिर्जना गरिसकेको हकमा तत् तत् तहमा फिर्ता गर्नु नपर्ने गरी कानूनको आवश्यक संशोधन गर्ने व्यवस्था गर्ने,
- स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली Sutra लाई अन्तिम लेखापरीक्षण सम्वन्धी प्रणाली NAMS संग linkage गरी लेखापरीक्षणको कार्यलाई सरल वनाउने।
- आय ठेक्काका लागि ठोस कानून निर्माण गर्ने
- स्थानीय तहको संगठन संरचना एकपटकको लागि पुनसंरचना गर्न आवश्यक देखिएकोले नेपाल सरकारले नयाँ दरवन्दी तेरिज वनाईदिनु पर्ने।

" श्रम संस्कृति प्रवर्द्धन अभियान वर्ष-२०८२" सफल पारौ

# तस्वीरमा मनोपरामर्श





# एड्भान्स सिप विकास तालिम





# अनुगमन सम्बन्धी तस्विरहरु

वडा नं १ खानेपानी योजना अनुगमन




वडा नं ५ सिंचाईकुलो निर्माण योजना अनुगमन



# अनुगमन सम्बन्धी तस्विरहरु

वडा नं ४ सडक योजना अनुगमन



वडा नं २ स्ल्याव निर्माण अनुगमन



# अनुगमन सम्बन्धी तस्विरहरु

वडा नं ४ को ने.रा.मा.वि किमुचौर डिजिटल कक्षाकोठा व्यवस्थापन अनुमगन टिम



वडा नं ४ को ने.रा.मा.वि किमुचौर डिजिटल कक्षाकोठा व्यवस्थापन



# अनुगमन सम्बन्धी तस्विरहरु








अनुगमन सम्बन्धी तस्विरहरु












# अनुगमन सम्बन्धी तस्विरहरु





# अनुगमन सम्बन्धी तस्विरहरु





# कपुरकोट गाउँपालिका वडा नं. १ वडा कार्यालयबाट सामाजिक सुरक्षा भत्ता लिदै लाभग्राहीहरु






# बालमैत्री स्थानिय शासन

बाल सन्जाल गठन ( वडा कार्यालय )
बाल समुह गठन ( साविक ५ वटै वडामा)






# वडाकप प्रतियोगिता खेलकुद कार्यक्रम












# नारी दिवशको अवसरमा प्रतियोगीतात्मक कार्यक्रम गरि मनाइदै




# विवाह हुनु पूर्व वडा बाट शुभकामना तथा बधाई पत्र दिदै






# कार्यसम्पादन ट्रेस प्रणाली




" श्रम संस्कृति प्रवर्द्धन अभियान वर्ष-२०८२" सफल पारौं

# कुनै जिज्ञाशा ??

# धन्यवाद

